"गुणस्तरीय शिक्षा, आधुनिक व्यवसायिक तथा कृषि प्रणाली,
"नरहा गाउँपालिकाको पहिलो प्राथमिकता"

# नरहा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## नरहा सिराहा

## मधेश प्रदेश, नेपाल

# पन्ध्रौ गाउँसभा अधिवेशन २०८३/०८४

# बाट पारित नीति तथा कार्यक्रम एवम बजेट

## नरहा गाउँपालिकाको गाउँ सभामा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम एवम बजेट

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

नरहा गाउँपालिकाको सम्मानित पन्ध्रौं गाउँसभाको नीति, कार्यक्रम तथा बजेट समारोहमा पाल्नु भएका प्रमुख अतिथी पूर्व मन्त्री श्री लिलानाथ श्रेष्ठज्यू
विष्ट अतिथि मधेश प्रदेश सभासदस्य तथा शिक्षा तथा सांस्कृतिक मन्त्री श्री मनोज कुमार सिंहज्यू
विष्ट अतिथि मधेश प्रदेश सभासदस्य माननीयी श्री संजिला कुमारी यादवज्यू
सभा उपाध्यक्षज्यू
सभा सदस्य सचिव ज्यू,
सभा सदस्य ज्यूहरु,
सम्पूर्ण राजनितिक दलका प्रतिनिधि ज्यूहरु

गाउँपालिकाका समपूर्ण शाखा प्रमुख, गाउँपालिकाका कर्मचारीहरु, स्वास्थ्य चौकीका इन्चार्जहरु, शिक्षकहरु, समाजसेवी ज्यूहरु, बुद्धिजिवि ज्यूहरु, सुरक्षाकर्मिहरु, पत्रकारज्यूहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा नरहा गाउँपालिकाको सभा अध्यक्षको तर्फबाट र म आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक नमस्कार गर्न चाहन्छु ।

यो गरिमामय सभामा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति, कार्यक्रम प्रस्तुत गर्न यहाँ हरुको माझमा उभी रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ती र त्यसको जगमा समृद्ध राष्ट्र निर्माणका लागि विभिन्न कालखण्डमा भएको जनआन्दोलन मधेश आन्दोलन र जेनजी आन्दोलन र सम्पूर्ण परिवर्तनको लागि भएका आन्दोलनहरुमा आफ्नो अमुल्य जिवन आहुत गर्ने ति सम्पूर्ण महान ज्ञात अज्ञात शहिदहरु प्रति भवपुर्ण श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । घाईते, वेपता नागरीक तथा सम्बन्धित परिवारप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

यस नरहा गाउँपालिकाको नीति तथा कार्यक्रममा उपस्थित पूर्व मन्त्री ज्यू र प्रदेश सभा सदस्यहरु ज्यू, गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु लगायत सबै महानुभावहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सवैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्दै प्रजातन्त्र सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण गर्ने, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमूलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भाव र सहकार्यका माध्यमबाट गाउँपालिकाका विविध गतिविधि सञ्चालन गर्न निर्दिष्ट नीति अनुरुप गाउँपालिकाका सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन, सहयोग र समन्वय प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

हामीसंग साधन स्रोतहरु सिमित छन् गर्नुपर्ने कामहरु धेरै छन । जनताले निर्वाचित जनप्रतिनिधि मार्फत धेरै अपेक्षा गरेका छन् । हामी स्थानीय तहलाई पारदर्शी, उत्तरदायीपुर्ण, समावेशी , विधिसम्मत र

...प्रमोद यादव
...पालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश (नेपाल)

आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गरिनेछ । नेपालको संविधानमा भएका नागरिकका शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिक न्यायका हक अधिकारहरुको प्रत्याभुत गरी समाजवादीको आधार बनाउन कृषकलाई मल, बिउ, बजारीकरण, प्रविधिक सेवा र उचित मुल्यको सुनिश्चितता गर्न युवाहरुलाई आफनै वातावरण निर्माण गर्ने गरी कार्यक्रम संचालन गर्ने जस्ता नितिहरु लिएको छ ।

**क. विधमान परिवेशः**

हामीसँग भएका जनशक्ति, श्रोत, साधन प्रयास नभएको तितो यथार्थ सबैको समुने नै छ । यसका बावजुद परिवर्तन, इच्छाशक्ति, मिहिनेत, इमान्दारीता, सहकार्य, समन्वय, सहयोग अन्तरसम्बन्ध तथा सहअस्तितवबाट सम्भव छ भन्ने कुरामा विश्वास राख्दै मौजुदा जनशक्तिको वैज्ञानिक व्यवस्थापन तथा असल कार्यलाई निरन्तरता खरावलाई अन्त्य गर्ने जमरकोका साथ केही अलपकालिन र दिर्घकालिन नितिहरु तय गर्दै नरहा गाउँफालिकाको सर्वाङ्गिन विकास गर्ने दृढ संकल्पका साथ अगाडी बढेका छु। शिक्षानै परिवर्तनको उदगम विन्दु हो भन्ने विषयलाई आत्मसाथ गर्दै शिक्षालाई प्रमुख प्राथमिकतामा राखि अगाडी बढेको हामि सबैले अनुभुति गरेकै विषय हो । स्वास्थ्य सेवामा सुधार भई यस भेगका जनताले महगो शुल्क तिरी बाहिर उपचार गराउन जाने बाध्यतालाई केहि हद सम्म न्युनिकरण गर्न सफल भएका छौ । यसै गरी मल खाद्य, विउ वजन आपूर्ति गरि सिंचाईको दिर्घकालिन योजना सहित अगामी दिनमा कृषिमा व्यापक आधुनिकीकरण, यान्त्रिकिकरण, विविधीकरण गर्ने बाटोमा अगाडी बढेका छौं । यसै गरी रोजगारी सिर्जना गरि गरिवी निवारण गर्न तथा दिगो विकासको लक्ष्य हासिल गर्न तत्काल केही निर्णय एवं योजनाका साथ अगाडी बढेको अवस्था छ । थप धेरै विषयहरु अध्ययन गरी नीति कार्यक्रम योजना तथा वजेटमा समेटने प्रयास गरिएको छ । हामिले लिएको नीति, योजना कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण गा.पा.पदाधिकारी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, सुरक्षा निकाय, पत्रकार नरहा वासी जनताले सकारात्मक सहयोग गर्ने अपेक्षा र विश्वास लिएको छु ।

**ख. नीति कार्यक्रम तर्जुमाका आधारहरुः**

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरुको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जनपरिचालनकी क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाईनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित लुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्रासअनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयो गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्ने प्रयत्न गरिने छ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार प्रतिनित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ । अन्य आधारहरुलाई बुदागत रुपमा देहाय बमोजिम समेटने प्रयास गरेको छ ।

- नेपालको संविधानका प्रस्तावना, मोलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तिय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानूनी प्रावधानहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु योजना तथा अध्ययन प्रतिवेदनहरु
- विकासका समयामयिक मुद्धाहरु सामुदायिक विद्यालयको शिक्षामा सुधार, स्वास्थ्य सेवाको उपलब्धता र पहुँच, कृषिको विविधिकरण व्यवसायीकरण, सामाजिक संरक्षण, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु
- माध्यकालिन खर्च संग्रचनाले निर्देश गरेको कार्यक्रमहरु
- निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषणापत्रहरु
- नरहा गाउँपालिकाले आश्यक ठानेका विषहरु

**ग. हाल सम्मको प्रमुख उपलब्धीहरुः**

१. प्रशासनीक भवनको ठाँउमा सौन्दर्यकरण निर्माणाधिन अवस्थामा रहेको।

२. १० शैयाको अस्पतालको भवन निर्माणका लागि जग्गा प्रयोग लिने प्रक्रियामा छ ।

३. जनशक्ति व्यवस्थापनको कार्यमा प्रगति भएको छ ।

४. पर्यटकीय स्थलको लागि पोखरीमा सौन्दर्यकरणका सम्भाव्यता अध्ययन भएको छ ।

५. विद्यालयहरुमा पूर्वाधार विकासहरु निर्माणाधिन अवस्थामा रहेको ।

६. सिंचाईका लागि बोडीङ्गहरु जडान गरिएको छ ।

७. स्वच्छ खानेपानीका लागि स्यालो टयुवेल तथा ह्याण्ड पाईप जडान गरिएको छ ।

८. लैङ्गिकसमानता सामाजिक समावेशीकरण कार्यक्रममार्फत सशक्तिकरणमा उल्लेख्य टेवापुगेकोछ ।

९. सार्बजनिक सेवाप्रवाह जनमैत्री तथा जनताको नजिकरहेर सेवागर्ने संस्कारको बिकाश भएको छ।

१०. नयाँ कृषि सडकहरु निर्माण हुनुका साथै कृषि उपज बृद्धिका लागि ५०% अनुदानमा कृषि विउविजन (गहुँ तथा धान विउ) तथा कृषि औजार समाग्रीहरु वितरण कार्य भएको छ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
प्रदेश (नेपाल)

११. कृषि सिंचाई उपलब्धताको लागि विभिन्न ठाउँमा कृषि विधुतिकरणको कार्य भएको छ ।

१२. कृषिक किसानहरु सिंचाईको लागि विद्युतिय महसुल निशुल्क गरिएको तिरेको छ ।

१३. आवतजातमा सहजताको लागि सडकहरुमा माटो ग्राभेल, कालोपत्र, कलभर्ट र ढलानहरु भएको छ ।

१४. पर्यटकिय क्षेत्र, धार्मिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको सम्भाव्यत्ता अध्यनको कार्य अगाडी बढिसकेको छ ।

१५. युवा र गरिव विपन्न महिलाहरु स्वरोजगार हेजु शिपमुलक कार्यक्रमहरु सञ्चालन भएका छन।

**प्राथमिकताहरु**

- सामाजिक विकासतर्फः शिक्षा र स्वास्थ्य
- आर्थिक विकास क्षेत्रका कृषि ,पशु विकास र सहकारी
- भौतिक पूर्वाधर, सिचाई सडक स्तरोन्नती
- उद्यमशिलताको विकास र रोजगारी सिर्जना
- नीतिगत, कानूनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालवालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाई र वातावरणीय स्वच्छता अभिवृद्धि
- बन बातावरण तथा विपद् व्यवस्थापन
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य

**विकास र समृद्धिको लक्ष्य प्रासिका अवसर र चुनौती**

**विद्यमान अवसरहरुः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको महुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादन ई बजार सम्मको पहुँच स्थापित हुनु ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

**विद्यमान चुनौतीहरु:**

**हाम्रा सामु देहाय बमोजिमका चुनौतिहरु रहेकाछनः**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३. किसानको उत्पादनलाई बजारीकरण गर्नु ।

४. गुणस्तरीय बीउविजन तथा मलखाद समयमा नै उपलब्ध गराउनु ।

५. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

६. व्यवसायिक कृषकको संख्या बृद्धि गर्नु ।

७. कृषकलाई नवीन कृषि प्रविधि उपलब्ध गरी उत्पादकत्वमा बृद्धि गर्नु ।

८. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतीको विकास गर्नु ।

१०. सडक लागायतका पूर्वाधारको उपयोग योजना, डिजाईन तथा ड्रइङ्ग विना गरिने सडक पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

११. अव्यवस्थित बस्ती विस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।

१२. बज्ञैनिक,जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयोग योजना तर्जुमा गरी लागु गर्नु।

१३. सञ्चार सेवा प्रदायक संस्थाहरुबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थि गर्नु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजिगत सम्पति) को लगत तयार गर्नु, मूल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजान Asset Management Plan (एसेट म्यानेजमेन्ट प्लान) तयार गरी कार्यान्वयन गर्नु ।

१५. सार्वजनिक, ऐलानी, पर्ति,बाटो,कुलो,पैनी, पोखरी, गौचर लगायतका सार्वजनिक जग्गाहरुको संरक्षण, अतिक्रमण नियन्त्रण तथा अभिलेखिकरण गरि उपयोग गर्नु ।

**उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,**

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समेतको हरेक प्रक्रिया तथा तहमा सरोकारवाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरिक मञ्च, वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकीकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग व्यापक अन्तरक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु।

राम प्रसाद यादव
गाउँपालिका अध्यक्ष

## नीति तथा कार्यक्रम
## आ.व.२०८३।०८४
## मिति २०८३ असार ०९ गते

नरहा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरहा, सिरहा मधेश प्रदेश, (नेपाल)

**सामाजिक विकास नीतिहरु:**

**१. शिक्षा विकास सम्बन्धि नीतिहरु:**

१.१. विद्यालयहरुको लेखा परिक्षण समयमै सम्पन्न गर्ने विशेष योजना तयार गरिनेछ ।

१.२. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थी:शिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समाहित गरिनेछ ।

१.३. विपन्न वर्गका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहित गर्न सामुदायिक/सरकारी विद्यालयमा अध्ययन गर्ने २ जना गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विद्यालय पुरस्कृत गरिनेछ ।

१.४. हाल संचालनमा रहेका बाल विकास केन्दहरुलाई नमुना बाल विकास केन्द्रको रुपमा विकास गर्ने कार्यप्रारम्भ गरिनेछ ।

१.५. विद्यालयलाई प्रदान गर्ने भौतिक सुविधालाई आवश्यकता र सुचकाङ्को आधारमा तय गर्ने ।

१.६. आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ । साथै विद्यालयका लागि सोलार तथा कम्प्युटर खरिदको लागि विभिन्न दातृनिकायहरु सगँ समन्वय गरिनेछ ।

१.७. सबै विद्यालयहरुमा पुस्तकालय तथा ICT पूर्वाधार सहितको एक सिकाई केन्द्र व्यवस्थापनका लागि पहल गरिनेछ ।

१.८. गाँउपालिका क्षेत्रमा अनिवार्य र निःशुल्क आधारभुत शिक्षा लागु गर्ने कार्यलाई प्राथमिकताका साथ अगाढी बढाईनेछ ।

१.९. बालबालिकाको सर्वाङ्गण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।

१.१०. नीजि क्षेत्रहरुबाट संचालित बालविकास आधारभुत र माध्यमिक विद्यालयहरुको मापदण्ड बनाई लागु गरिनेछ ।

१.११. गाँउपालिका क्षेत्रभित्र बैकल्पिक शिक्षा, प्रोढ शिक्षा जस्ता क्षेत्रको विकासका लागि सामुदायिक सिकाई केन्द्रको भुमिकालाई सशक्त बनाइनेछ ।

१.१२ सामुदायिक विधालयमा कार्यरत शिक्षक तथा कर्मचारहिरुसँग कार्यसम्पादन करार गरि यसको नतिजाको आधारमा पुरस्कार र दण्ड सम्बन्धि व्यवस्था मिलाइनेछ ।

१.१३ गाउँ पालिका आफनो क्षेत्रमा शिक्षा सम्बन्धी गोष्ठी समेलन तथा प्रदर्शनको आयोजना गरिने छ

१.१४ विद्यालयको सम्पती सुरक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

...प्रसाद यादव
...पालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

१.१५ विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक पुरस्कार तथा कारवाही गरिनेछ ।

१.१६ विद्यालयको पठन पाठनमा सुधार तथा सिकाई उपलब्धी वढाउन प्रत्येक विद्यालयमा बाल क्लबको गठन गरिनेछ ।

१.१७ निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई कडाइको साथ अनिर्वाय रुपमा लागु गरिने छ ।

१.१८ दिगो र अर्थपुर्ण सिकाइको लागि पठन पाठन उदेश्य अनुसारको शैक्षिक सामग्रीको प्रयोग गर्न लगाउने कार्य गरिनेछ ।

१.१९ विद्यालय सुधार योजना, चौमासिक निकासाको आय व्यय विवरण र बार्षिक कार्य योजनातयार गरेको आधारमा मात्र अन्तिम निकासा दिइनेछ ।

१.२० विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ ।

१.२१ आधारभुत तहमा शिशु भर्ना दर सत प्रतिशत पुर्‍याउने आवश्यक पहल गरिनेछ ।

१.२२ शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी समय समयमा अनुगमन गरिनेछ ।

१.२३ विद्यालयमा ७५ प्रतिशत उपस्थीती भएका विद्यार्थीहरुलाई मात्र छात्रवृती प्रदान गरिनेछ ।

१.२४ यस गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको अन्तीम परिक्षाको परिक्षाफलको समिक्षा गरिनेछ ।

१.२५ बेटी बचाउ,बेटी पढाउ योजना कार्यान्वयन गर्न बजेट विनियोजन गरि विभिन्न प्रोत्साहन मुलक कार्यक्रम सन्चालन गरिनेछ ।

१.२६ शैक्षिक क्यालेण्डर निर्माण गरि वार्षिक कार्य योजना सहित पठन पाठन लाइ व्यवस्थित गरिनेछ ।

१.२७ विद्यार्थी भर्ना अभियान लाई विशेष ग्राहयता दिएर सन्चालन गरिनेछ ।

१.२८ गाउपालिका भित्र बहुमुखि क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।

१.२९ सीप मुलक तथा प्रविधिमैत्री शैक्षणिक कार्यक्रमहरुलाई विस्तार गरिनेछ ।

१.३० क्षमता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

१.३१ विद्यालय स्तरीय हाजरीजवाफ लेखन सीप वक्तृत्वकला खेलकुद नृत्य जस्ता विद्यर्थीहरुको अन्तरनिहित क्षमता प्रस्टफुटंन हुने किसिमको कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ ।

१.३२ गाउँपालिका भित्रका शिक्षकहरुको आवश्यक्ता औचित्यता तथा विषयगतका आधारमा काज सरुवा लाई निरन्तरता दिइनेछ ।

१.३३ सामुदायिक विद्यालहरुमा शिक्षक विद्यार्थि अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक दरबन्दी मिलान कार्यलाई सरुवाको माध्यमबाट वयवस्थापन गरिनेछ ।

**२. स्वास्थ्य नीतिः**

२.१. गाँउपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

२.२. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई यस गाउँपालिकाका गाँउवासींहरुको पुर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

प्रमोद यादव
पालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

२.३. नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बमोजिम सबै बालबालिकाको लागि खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गरिनेछ । साथै एक वर्षभित्र यस गाउँपालिकालाइ पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ ।

२.४. गाँउपालिका क्षेत्र भित्रका विपन्न तथा जेष्ठ नागरिकहरुलाइ क्यान्सर,मृगौला तथा मुटुरोग जस्ता रोगहरुको उपचारको लागि पहल गरिनेछ ।

२.५. आयुर्वेद तथा पारम्पारिक चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्नेछ ।

२.६. गाउपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२.७. एच.आई.भि. /एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२.८. गाँउपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरु निम्ती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

२.९. गाँउपालिकाकासबै वडामा कम्तिमा १ वटा स्वास्थ्य केन्द्र ( खोप तथा पोषण केन्द्र सहितका ) निर्माण गर्न पहल गरिनेछ ।

२.१०. गाउपालिकामा दश शैयाको अस्पताल निर्माणको लागि पहल गरिनेछ ।

२.११ प्रत्येक वडाहरुमा बर्थिंग सेन्टर स्थापना गरिनेछ ।

२.१२ विभिन्न फार्मेसिहरु सग समन्वय गरि न्युनतम दरमा औषधीहरु उपलब्धताको लागि पहल गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई:

३.१. सबै गाँउबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

## ४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण:

४.१. गाँउपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक अवशरहरुमा महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चत गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।

४.२. महिलाहरुको हक अधिकारको संरक्षणका लागि लैङ्गिक हिंसा निवारण लगायत अन्य स्थानीय कानुनहरु तर्जूमा, कार्यान्वयन तथा सो को अनुगमन मुल्याङ्कन गरिनेछ ।

४.३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यकालागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

४.४. विपन्न र सामाजिक रुपमा जोखिममा रहेका गाँउवासी, कृषक,श्रमिक र पिछडा वर्गको उत्थानका निम्तीपहल गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

४.५ जेष्ठ नागरिक दिर्घ सेवा सम्मान कार्यक्रम संचालन गरी हरेक वर्ष गाउँपालिका पूरुष एक र महिला एक गरी जम्मा २ जनालाई सम्मान गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता समयमै कम्प्युटर प्रविधि तथा बैंकिंग प्रणाली अनुसार सोझै खाता मार्फत वितरण गर्ने व्यवस्था गरिनेछ ।

**क) आर्थिक विकास सम्बन्धि नीतिहरु:**

**५. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरु:**

५.१. खेती प्रणालीलाई निर्वाहमुखि तथा जिविकोपार्जनको प्रमुख माध्यमको रुपमा बिकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।

५२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमी तथा बेमौसमी तरकारी उत्पादन तथा विक्री वितरणमा जोड दिइनेछ ।

५३. कृषि समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालनलाई प्रोत्साहीत गरिनेछ ।

५.४. पशु विमाको प्रवर्द्धन गरि व्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ ।

५.५ गाँउ भित्रका बजार क्षेत्रहरुमा ब्यवस्थित पशु वधशालाहरु निर्माणको प्रारम्भिक कार्य थालनी गर्ने

५.६ अखाद्य वस्तुहरु बिकी वितरणमा रोक लगाउन समय समयमा अनुगमन तथा सुपरिवेक्षण गरिने छ ।

५.७ सिचाई, कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र, कृषि जन्य लघु उद्योग एवम वजारीकरणलाई एकिकृत रुपमा विकासगर्दै लगिनेछ ।

५.८ अर्ग्यानीक खेतीलाई प्रोत्साहन गर्न विषादिमुक्त खेतीगर्ने लाई सहयोग र बढि विषादी प्रयोग गर्नेलाइ कारवाही गरिनेछ ।

५.९ गाँउक्षेत्र भित्रका एग्रोभेटको पहलमा हानीकारक विषादी विक्रि वितरणमा रोक लगाइनेछ ।

५.१० गाँउस्तरीय कृषि विकास समिति गठन गरि कृषि तथा पशु संग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु संचालनमा एकरुपता ल्याईने छ । कृषि विकास समितिको गठन र संचालन सम्बन्धि कार्यविधि एवम कार्यशर्त गाँउकार्यपालिका बैठकले तोक्नेछ ।

५.११ गाउँक्षेत्र भित्रका कृषकहरुको लागि सिंचाई महसुल छुट गरिनेछ ।

५.१२ गाउँक्षेत्र भित्रका कृषकहरुलाई आधुनिक किसिमको औजारहरुमा पचास प्रतिशत छुट गरिनेछ ।

**६. उद्योग तथा वाणिज्य नीति:**

६.१. स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

६.२. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ ।

६.३. यस गाँउपालिका भित्र संचालन हुने उद्योगहरुमा कम्तीमा ७० प्रतिशत कर्मचारीहरु गाँउक्षेत्र भित्रकै राखी स्थापना तथा संचालन हुने उद्योगहरुलाई स्थापना भएको ३ ( तीन) वर्ष सम्म ५० प्रतिशत व्यवसायिक कर छुट दिइनेछ ।

राम प्रसाद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

६.४. यस गाँउक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन विशेष अभियान संचालन गरिनेछ ।

६.५ गाँउक्षेत्रमा संचालित उद्योग एवं व्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

६.६ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार सृजनाको विभिन्न अवसरहरुको खोजी गरिनेछ

६.७ व्यवसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

## ७. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

७.१. यस गाँउपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न धार्मिक तथा पर्यटकीय क्षेत्र पहिचान गरिनेछ ।

७.२. यस गाँउपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा अन्य विभिन्न धार्मिक क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

७.३ यस गाउपालिका भित्र रहेको मन्दिरलाइ पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

७.४. गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

७.५ धार्मिक सांसकृतीक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

७.६ मैथिली रितीरिवाज झल्कीने सास्कृती कार्यक्रमहरु झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला, महाबीर झण्डा मेला र दाहा लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बद्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## ८. सहकारी नीति:

८.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

८.२. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

८.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शि तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

८.४. हालसम्म सहकारी संस्था स्थापना र सञ्चालन नभएका वडाहरुमा कम्तीमा एक(१) वटा सहकारी संस्था स्थापना गर्न पहल गरिनेछ ।

८.५ स्थानीय सहकारी संस्थाहरुको दर्ता नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

## ९. भवन तथा शहरी विकास नीति:

९.१. भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

९.२. घरनक्सा स्विकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्डजरिवानाको व्यवस्था गरिनेछ ।

९.३. ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

९.४. गाँउपालिकाका विभिन्न स्थानहरुमा सम्भाव्यता आदि प्राथमिकताको आधारमा विभिन्न अध्ययन तथा सर्वे शुरु गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

९.५. प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुला स्थान आदिको व्यवस्था सहित गाँउपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।

९.६. गाँउपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।

**१०. उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवद्धनमा जोड दिदै निम्न कार्यहरु गरिनेछ :**

१०.१. गाँउपालिकाका सबै बस्तिहरुमा विद्युत सेवा पुऱ्याउन विद्युतिकरण लाई तिब्रता दिइनेछ ।

१०.२ गाँउपालिकाका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारीत सौर्य बत्ति जडान गर्न प्राथमिकता दिइनेछ ।

१०.३ गाँउपालिकाका क्षेत्रहरुमा टेलिफोन/मोवाईल/ईन्टरनेट सेवा विस्तार गर्न सम्बन्धित संस्थाहरुमा पहल गरिनेछ ।

**११. जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम रेखदेख जनताबाटै स्वत:स्फूर्त रुपमा हुने हामी सबैको अनुभव छ । तसर्थ भौतिक पुर्वाधार सम्बन्धि योजनाहरु संचालन गर्दा १० प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।**

ख) वातावरण तथ विपत व्यवस्थापन नीति:

१२. वन तथा भु-संरक्षण नीति:

१२.१. वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१२.२. गाँउपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।

१२.३. नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधिय गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ ।

१२.४. गाँउपालिका क्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

१२.५ नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

१२.६ यस गाँउपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी गाउपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

१३. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीति:

१३.१. विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।

१३.२. प्लास्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा. घोषणाको लागि पहल गरिनेछ ।

१३.३ जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

**१४. फोहोरमैला व्यवस्थापन नीतिः**

१४.१. गाँउक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।
१४.२. फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।
१४.३ फोहर व्यवस्थापनका सम्बनधमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
१४.४. गाँउक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाइ संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।

**१५. विपत व्यवस्थापन नीतिः**

१५.१. भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा, वर्डफल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।
१५.२. विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ ।
१५.३. स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
१५.४. विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यबस्थापन कोष खडा गरिनेछ ।

**ग) वित्तिय व्यवस्थापन र सुशासन, न्याय सम्पानद नीतिः**

**१६. गाँउपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गर्ने, यसै वर्ष गाँउपालिका एकाउन्टिङ तथा बजेटिंग सफ्टवयर (SUTRA) जडान गर्ने, विषयगत कार्यालको हकमा क्रमशः लागु गर्ने ।**

**१७. वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकार गर्नेः**

१७.१. सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।
१७.२. खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाँउपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।
१७.३. उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाईका साथ लागु गरिनेछ ।
१७.४. सम्झौतमा तोकिएको मितिमा काम पुरा गर्न नसक्ने उपभोक्ता समितिहरुलाई एक पटक म्याद थप गरी पुनः समयमै कार्य सम्पन्न गराउने थप अवधिमा समेत कार्य सम्पन्न नगरेमा आर्थिक नियम अनुसार जरिवाना गरिनेछ । साथै सो कार्य गाउँपालिकाले अन्य प्रक्रियाद्वारा संचालन गरिनेछ ।
१७.५. वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।
१७.६ पेश्की न्युनिकरण सिधान्त अनुसार काम गरिनेछ ।

**१८. राजश्व परिचालन सम्बन्धमा निम्न नीतिहरु अंगिकार गरिनेछः**

१८.१. कर को दायरा बढाई करको दर घटाउने ।
१८.२. कर तिर्न सबै करदातालाई प्रेरित गर्ने ।
१८.३. एक जना उत्कृष्ट करदातालाई सम्मान गर्ने ।
१८.४. कर प्रशासन लाई चुस्त, दुस्त बनाउने ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

१८.५ अधिक्तम जन्तालाई सो स्फुर्तरुपमा करको दायरा भित्र ल्याउन उपयुक्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ।

१८.६ विभिन्न करका दरहरु घटाइ करका दायरा फराकिलो गर्ने नीति अबलम्बन गरिनेछ।

**१९. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः**

१९.१. कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कराईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ।

**२०. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः**

२०.१. नगरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ।

२०.२. गाँउपालिकाको वेवसाईट लाई रिडिजाईन गरि एक्ट्रेक्टिभ बनाईनेछ ; फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालकोसमेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ।

२०.४. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्थ गरिनेछ।

**२१. न्याय सम्पादन नीतिः**

२१.१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्नेछ।

२१.२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रतेक वडामा वडाध्यक्षको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय स्थानीय मेलमिलाप समिति गठन गर्ने।

२१.३. स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण/तालिम प्रदान गर्ने।

२१.४. गाँउपालिका तथा न्यायीक समितिलाई काननी सल्लाह प्रदान तथा गाँउपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार नियुक्ती गर्ने।

**घ) पुर्वाधार विकास नीतिः**

१. गाँउपालिकाको एकिकृत विकासका लागि यतायात गुरु योजना बनाएको अनुरुप कार्य गरिनेछ।

२. गाँउपालिका क्षेत्रको समग्र पुर्वाधार विकासका लागि चालू आ.व. भित्रै गाँउपालिका प्रोफायल तयार गर्ने तथा एकिकृत ग्रामिण विकास योजना तयार गरी लागु गरिनेछ।

३. गाँउपालिका क्षेत्रको सडक तथा पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ।

४. गाँउपालिकाका विभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गर्नेछ।

५. सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिनेछ।

६. गाउँपालिकामा रहेको खाली मैदानमा एक गाँउपालिका स्तरीय रंगशाला तथा कवर्ड हल निर्माण गर्न अध्ययन गरिनेछ।

राम प्रमोद यादव
गाँउपालिका अध्यक्ष

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

**गाँउ क्षेत्र भित्र सिँचाईको विकासका लागि निम्न नीति अंगीकार गरिनेछः:**

१ सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउनेछ ।
२ साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।

### ङ.) सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरु

१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

२. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गांउबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय ,सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा नागरिक वडापत्रका आधारमा सेवा प्रदान गर्नेछ ।

३. गाँउपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई हाजिरी प्रणाली लागू गर्नेछ।

४. नगर प्रहरीहरुलाई पेशागत क्षमता विकासको तालिम दिइनेछ ।

५. गाउपालिकाको वृत चित्र निर्माण गरिनेछ ।

६. कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्ने ।

७. पेन्सन नपाउने कर्मचारीहरुको लागी योगदानमा आधारित पेन्सन प्रदान गर्न सम्बन्धित वित्तिय संस्थाहरु सँग पहल गरी यस सम्बन्धमा अध्ययन गर्नेछ ।

८. गाँउपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार सवारी साधनहरु खरिद गर्नेछ ।

९. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।

१०. कर्मचारी समायोजन भै आएपश्चाल कार्यविभाजन नियमावली तथा प्रचलित ऐन अनुसार संगठन तथा व्यवस्थापन सर्भे गराई कार्यपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत समितिको संगठन संरचना तयार गरिने । तत्कालका लागि साबिककै संगठन संरचना अन्तर्गत कार्य संचालन गर्ने तथा समायोजनको क्रममा विभिन्न निकायहबाट यस गाउपालिका कार्यालयमा काज/सरुवा भै आउने कर्मचारीहरुलाई हाजिर गराई काममा लगाउने । करार कर्मचारीहरुको आवश्यकता अनुसार प्रचलित कानुन अनुरुप म्याद थप गरिनेछ ।

राम प्रसाद यादव
गाउँपालिका अध्यक्ष

अब म, यस नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस आर्थिक बर्ष २०८३।०८४ को लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ८ करोड १७ लाख, सर्शत अनुदान रु. ११ करोड ७४ लाख, समपुरक अनुदान ४० लाख, विशेष अनुदान ५० लाख, राजश्व बाँडफाँड ८ करोड ११ लाख ७९ हजार त्यसै गरि प्रदेश सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. ५४ लाख ३५ हजार, सर्शत अनुदान रु. ४० लाख, विशेष अनुदान ३० लाख, समपुरक अनुदान १ करोड, राजश्व बाँडफाँड ४० लाख ८७ हजार, सडक बोर्ड नेपालको रु.१५ लाख, भुमिकर मालपोतलगायत अन्यकर रु. १ करोड ५० लाख, आन्तरिक श्रोत र अन्यकर रु. ७ करोड, गत बर्षको अनुमानीत बैंक मौज्दात ५ करोड गरी कुल रु. ४५ करोड २३ लाख ०१ हजार आयको अनुमान पेश गरेको छ ।

नरहा गाउँपालिकाको कुल आय मध्ये गाउँकार्यपालिकाको प्रशासनिक र कार्यक्रम खर्च, विद्यालय र स्वास्थ्य संस्थाहरुको प्रशासनिक र कार्यक्रम खर्च, वडा कार्यालयहरुको प्रशासनिक खर्च, अन्य निकायहरु शखाहरुबाट चालु प्रकृतिको वजेट गरी कुल चालु खर्च तर्फ रु. १० करोड ७१ लाख २२ हजार र कुल अनुमानित आयबाट कुल चालु खर्च विनियोजन पश्चात बाँकी रहेको रकमबाट भौतिक पूर्वाधार तथा अन्य गरि नरहा गाउँपालिकाको प्रत्येक वडालाई ७० लाखको दरले जम्मा रु. ३ करोड ५० लाख वडा समितिको सिफरिसबाट गाउँपालिकामा पठाईएको आधारमा वडा तहमै गर्ने व्यवस्था मिलाएको छ । वडा तहबाट प्राप्त भएका गाउँ पालिका स्तरीय योजनाहरुको लागि १६ करोड ६७ लाख ७९ हजार विनियोजन गरिएको छ जस मध्ये चालु खर्चबाट कृषि विकास कार्यक्रमको लागि ५० लाख, पशु विकास कार्यक्रमको लागि ७० लाख, महिला विकास कार्यक्रमको लागि १० लाख, शिक्षा विकास कार्यक्रमको लागि ९५ लाख, स्वास्थ्य विकास कार्यक्रमको लागि ४० लाख, खेलकुद कार्यक्रमको लागि २० लाख, कृषक विधुत महसुलको लागि ३० लाख, महिला स्वंमसेविकाहरुको लागि १५ लाख, गरि जम्मा पूँजिगत खर्च तर्फ रु.२० करोड १७ लाख ७९ हजार र चालु खर्च तर्फ १० करोड ७१ लाख २२ हजार गरी कुल रु. ४५ करोड २३ लाख ०१ हजार व्यय अनुमान प्रस्तुत् गरेको छ ।

**उपस्थित सभा सदस्यज्यूहरु,**

आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको लागि एउटा दिर्घकालिन नीति पनि हो।यो स्थानीय तहको लागि इतिहास हुनेछ । यसले पुस्तौ-पुस्तालाई मार्गदर्शन दिई रहनेछ।यस कारण यस नरहा गाउँपालिकाको लक्ष्य हासिल गर्न जनताको आशा विश्वासलाई जोगाउन गाउँपालिकाको समग्र विकास गर्न तथा "गुणस्तरीय शिक्षा, आधुनिक व्यवसायिक तथा कृषि प्रणाली,"नरहा गाउँपालिकाको पहिलो प्राथमिकता", नारा साकार पार्न क्षेत्रगत, विषयगत, वडागत योजनाहरु नीति तथा कार्यक्रम अनुरुप हुन जरुरी छ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

गाउँपालिकाको सन्तुलित, व्यवस्थित एवं समावेशी र दिगो विकास हाम्रो चाहना हो र साध्य पनि हो। कै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र बैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म आशावादी छु ।

अन्त्यमा यहाँहरु सबैलाई विशेष धन्यबाद दिदै विदा हुन्छु ।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

धन्यवाद, नमस्कार

श्री राम प्रमोद यादव

गाउँपालिका अध्यक्ष

नरहा गाउँपालिका, नरहा, सिरहा

२०८३ साल असार ०९ गते मंगलवार ।